# भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा, भरतपुर, चितवन

## साना सिंचाई कार्यक्रम संचालन सम्वन्धि सूचना

(सूचना प्रकाशित मिति :२०७६।५।१५)

यस कार्यालयको आ.ब. २०७६/७७ को स्वीकृत कार्यक्रम अनुसार साना सिंचाइ विशेष कार्यक्रम कार्यन्वयन कार्यविधि २०६१ (पहिलो सम्शोधन २०७०) अनुसार कृषि उघमी/ कृषक समूह/ कृषि सहकारी / जलउपभोक्ता संस्थाहरु मार्फत साना सिंचाई योजना (कुलो निर्माण / मर्मत, इनार, स्यालो वोरिङ, इलेक्ट्रीक मोटर तथा पम्पसेट/जेनेरेटर र पाइप/ स्प्रीङ्कल/ थोपासिंचाई आदि) संचालन गर्नु पर्ने भएकोले सम्भाव्यता भएका कृषि समूह/ सहकारी संस्थाहरु तथा जलउपभोक्ता संस्थाहरुलाई तपशिलको सर्तहरुको अधिनमा रहि २०७६ अशोज ३० गते बिहिबार दिनको ५.०० बजे भित्र भरतपुर महानगरपालिका कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा आवेदन प्रस्ताव दर्ता गराउनु हुन यो सुचना प्रकाशित छ ।

सर्तहरु :

१) निवेदन फाराम रु.१०० (फिर्ता नहुने गरि) तिरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा वडा कार्यालय वा एकिकृत कृषि सेवाकेन्द्रवाट प्राप्त गर्न सकिने छ ।

२) निवेदन फाराम माथि उल्लेख भए अनुसारको समुहिक योजनाको लागी मात्र हुनु पर्ने छ । (व्यक्तिगत योजनाको लागि निवेदन दर्ता हुने छैन)

३) निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्ने छ ।
   क) कृषक समूह / सहकारी संस्था / जल उपभोक्ता संस्था /कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
   ख) सिंचाई योजनाको विस्तृत विवरण (पुर्ण रुपमा भरिएको निवेदन फाराम) ।
   ग) योजना संचालन सम्वन्धि कृषक समूह / सहकारी संस्था / जल उपभोक्ता संस्था को बैठकको निर्णयको प्रतिलिपी ।
   घ) सम्पुर्ण उपभोक्ता सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
   ङ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।
   च) स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी

४) योजना स्वीकृत भएमा उपभोक्ता आफैले निर्माण कार्य सम्पन्न गर्नु पर्ने छ । ठेक्कामा संचालन गर्न पाईने छैन । महानगरपालिकावाट तयार गरिने लगत स्टीमेट तथा डिजाईन अनुसार योजना कार्यन्वयन गर्नु पर्ने छ ।

५) छनौट भएको आयोजना सम्पन्न गर्नको लागि आर्थिक विकास समितिको बैठकले निर्णय गरेको रकम भन्दा बढी अनुदान उपलव्ध गराईने छैन ।

६) आयोजनाको कुल लागतको घटिमा १५ प्रतिशत रकम कृषक समूह / सहकारी संस्था / जल उपभोक्ता संस्था आफैले व्यहोर्नु पर्ने छ

७) आयोजना छनौट भएमा महानगरपालिका र सम्वन्धित कृषक समूह / सहकारी संस्था / जल उपभोक्ता संस्था विच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्ने छ ।

८) आयोजना स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार आथिक विकास समितिमा रहने छ ।

९) रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कार्वाही हुने छैन ।

१०) उक्त योजनाको लागि अन्य कुनै संस्थाले सहयोग गर्ने भए त्यस संस्थाको प्रतिद्धता पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

११) अन्य कुराहरु वुझन परेमा कृषि तथा पशु पन्छी व्यवसाय प्रवर्द्धन शाखा वा एकिकृत कृषि सेवाकेन्द्रहरुमा सम्पर्क गर्नु होला ।

---

५।१५
प्रद्युम्न प्रसाद उपाध्याय
उपसचिव

भरतपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा
भरतपुर, चितवन

- सम्पर्क नम्वर ०५६-५३२७२१
- एकिकृत कृषि सेवाकेन्द्र (गितानगर ९८४५०८६६१७)
- एकिकृत कृषि सेवाकेन्द्र (गुन्जनगर ९८१६३६४८४)
- एकिकृत कृषि सेवाकेन्द्र (मंगलपुर ९८४८६५२३१६)

Scanned by CamScanner